# विदेशी विनिमय (नियमित गर्ने) नियमहरु,२०२०

<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>

२०२०।६।२१

**<u>संशोधन</u>**

| | | |
|---|---|---|
| १. | विदेशी विनिमय नियमित गर्ने (पहिलो संशोधन) नियमावली, २०४२ | २०४२।४।१ |
| २. | विदेशी विनिमय नियमित गर्ने (दोस्रो संशोधन) नियमावली, २०४८ | २०४८।९।२९ |
| ३. | विदेशी विनिमय नियमित गर्ने (तेस्रो संशोधन) नियमावली, २०५० | २०५०।१।७ |
| ४. | विदेशी विनिमय नियमित गर्ने (चौथो संशोधन) नियमावली, २०५१ | २०५१।७।२८ |
| ५. | विदेशी विनिमय नियमित गर्ने (पाँचौं संशोधन) नियमावली, २०७० | २०७०।१।३० |

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कसँग परामर्श गरी देहायका नियमहरु बनाएको छ ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरुको नाम "विदेशी विनिमय (नियमित गर्ने) नियमहरु, २०२० रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

[✍] **२.** **<u>सटही सुविधा</u>** : (१) बैङ्कले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको प्रयोजनका लागि विदेशी विनिमय सुविधा दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको प्रयोजनका लागि विदेशी विनिमय सटही सुविधा प्रदान गर्ने सम्बन्धमा बैङ्कले वाणिज्य बैङ्कहरुलाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिएको निर्देशनको पालना गर्नु वाणिज्य बैङ्कहरुको कर्तव्य हुनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी विनिमय सटही सुविधा प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारले बैङ्कलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यसरी दिएको निर्देशन पालना गर्नु बैङ्कको कर्तव्य हुनेछ ।

**३.** **<u>प्रमाणपत्र पेश गर्नु पर्ने :</u>** (१) नियम २ अन्तर्गत विदेशी विनिमय सटही चाहने व्यक्तिले सो सटही पाउनको लागि बैङ्कमा पाइने दरखास्त फाराममा खुलाउनु पर्ने सबै कुराहरु स्पष्ट खुलाई सोझै बैङ्कमा वा त्यसको एजेन्सी मार्फत दरखास्त दिनुपर्छ र सो दरखास्तको साथ बैङ्कले समय समयमा तोकिदिएका प्रमाणहरु पेश गर्नुपर्छ ।

---

[✍] चौंथो संशोधनद्वारा संशोधित ।

(२) उपनियम (१) बमोजिम दाखिल भएका दरखास्त फाराम र प्रमाणहरुको अध्ययनबाट दरखास्तवालाको माग बैङ्कको रायमा मुनासिब देखिन आएमा मुनासिब देखिएको रकम जतिको विदेशी विनिमय सटही बैङ्कले सोझै वा आफ्नो एजेन्सी मार्फत दिन सक्नेछ ।

(३) बैङ्कले सटही दिनु मुनासिब ठहर्याएको विदेशी विनिमय दरखास्तवालाको आवश्यकता र बैङ्कको अनुकूल समेत विचार गरी एकै मुष्ट वा पटक पटक गरी पनि दिन सक्नेछ ।

४. **निकासीको लाइसेन्स पाउने व्यक्तिले गर्नु पर्ने** : (१) निकासीको लाइसेन्स पाउने व्यक्तिले देहाय बमोजिम गर्नुपर्छ :–

(क) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ९ बमोजिम भर्नु पर्ने प्रज्ञापनपत्र नेपाल राष्ट्र बैङ्कले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको फारामहरु मध्ये सम्बन्धित विषयको कुनै फाराममा भर्ने,

(ख) प्रज्ञापनपत्रमा उल्लेख भएको संख्या निकासी प्रज्ञापनपत्रहरु भर्ने,

(ग) प्रज्ञापनपत्रको पहिलो प्रति सम्बन्धित भन्सार अड्डामा बुझाउने,

(घ) हुलाकद्वारा सामान निर्यात गरेकोमा प्रज्ञापनपत्रको सक्कल प्रति सम्बन्धित हुलाक अड्डामा बुझाउने, र

(ङ) प्रज्ञापनपत्रको अन्य प्रतिहरु प्रज्ञापनपत्रमा उल्लेख भएको तरिका बमोजिम सोही प्रज्ञापनपत्रमा तोकिएका अधिकारी छेउ पेश गर्ने ।

(२) नेपाल राष्ट्र बैङ्कको निर्देशानुसार भन्सार अड्डा वा हुलाक अड्डाका अधिकारीले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ९ को पालन भएको छ छैन भन्ने निश्चय गर्नको लागि आवश्यक प्रमाणहरुको माग गर्न सक्नेछन् ।

(३) निर्यात गरिएको सामानको पूरा मूल्य नेपाल ✂............ बाट सामान चलान भएको मितिले ६।६ महिनाभित्र निर्यातकर्ताले भुक्तानी प्राप्त गर्नेछ । तर निर्यातकर्ताले सो अवधिभित्र भुक्तानी प्राप्त गर्न नसकेको आवश्यक र सन्तोषजनक प्रमाणहरु पेश गरेमा बैङ्कले मूल्य भुक्तानी पाउने उक्त अवधि बढाइदिन पनि सक्नेछ ।

✂ पाँचौं संशोधनद्वारा झिकिएको ।

(४) निर्यात गरिएको सामानको पूरा मूल्य सामान निर्यात गरिएको देशको मुद्रामा वा नेपाल राष्ट्र बैङ्कले सटही दर तोकेको कुनै परिवत्र्य मुद्रा वा नेपाल राष्ट्र बैङ्कले तोकिदिएको कुनै मुद्रामा इजाजतपत्र प्राप्त व्यक्ति मार्फत प्राप्त हुनु पर्छ ।

५. **कबूलियतमा सही गर्ने तथा समर्थन गर्ने** : उपरोक्त नियमहरुमा लेखिएका शर्तहरु समावेश भएको कबूलियतपत्रमा सटही पाउने व्यक्तिले वा विदेश जाने यात्रुले वा एकै परिवारका धेरै व्यक्ति एकैसाथ यात्रा गर्ने भए तिनीहरु मध्येको प्रमुखले सहिछाप गरेपछि वा सटही चाहने व्यक्तिलाई नेपाल सरकारले पत्याएको व्यक्तिले समर्थन गरेपछि विदेशी मुद्राको सटही पाइनेछ ।

६. **पैठारीको सम्बन्धमा पाइने विदेशी विनिमय** : (१) भारत बाहेक अन्य विदेशी मुलुकबाट पैठारी गरिएको स्वीकृत सूचीको माल सामानको भुक्तानीको हकलाई नेपाल सरकार उद्योग वाणिज्य मन्त्रालयले जारी गरेको इम्पोर्ट लाइसेन्स प्राप्त भएपछि नेपाल सरकार अर्थ मन्त्रालयले स्वीकृति दिएको आधारमा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित आयातकर्तालाई आवश्यक विदेशी विनिमय उपलब्ध गराउनेछ ।

(२) आयातको निमित्त भुक्तानीमा दिइने विदेशी विनिमयको प्रकृति र प्रकार नेपाल राष्ट्र बैङ्कबाट निर्धारण गरिए बमोजिम हुनेछ ।

७. **विदेशी सरकारहरुले बैङ्कमा जम्मा गरेको विदेशी विनिमय** : विदेशी सरकार वा विदेशी दूतावासहरु वा विदेशी सरकारी संस्थाहरु तथा संयुक्त राष्ट्र संघीय संस्थाहरुले आफ्नो विदेशी विनिमय दिइ नेपाली मुद्रा बैङ्कमा खोलेको वा नेपाल राष्ट्र बैङ्कले स्वीकृति लिई नेपाल स्थित अन्य बैङ्कसँग खोलेको खाताबाट कट्टा हुने गरी विदेशी विनिमय लिन चाहेमा बैङ्कले दिन सक्नेछ ।

⊡८. **वाणिज्य वैंकमा परिवत्र्य विदेशी मुद्राको खाता खोल्न सकिने** : देहायका व्यक्तिहरुले वाणिज्य वैंकमा परिवत्र्य विदेशी मुद्राको खाता खोल्न सक्नेछन् :–

(क) अन्तराष्ट्रिय संघ, संस्था वा राजदूतावासमा काम गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने नेपाली नागरिकहरु,

(ख) ▶कुनै देशमा नोकरी वा व्यवसाय गरी परिवत्र्य विदेशी मुद्रा आर्जन गर्ने नेपाली नागरिकहरु,

---

⊡ पहिलो संशोधनद्वारा थप ।

(ग) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको वर्गभित्र पर्ने स्वदेशी तथा ✂स्वदेशी तथा विदेशी नागरिकहरु र संघ, संस्था ।

⊟९. **खाता खोल्न पाइने विदेशी मुद्राहरु** : नियम ८ को प्रयोजनको लागि देहायका विदेशी मुद्राहरुमा खाता खोल्न सकिनेछ :–

(क) स्टर्लिङ पाउण्ड,

(ख) अमेरिकी डलर, र

(ग) नेपाल राष्ट्र बैङ्कले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य विदेशी मुद्राहरु ।

⊟१०. **खाताका किसिमहरु** : नियम ८ बमोजिम खोलिने परिवर्त्य विदेशी मुद्राका खाताका किसिमहरु नेपाल राष्ट्र बैङ्कले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ ।

⊟११. **खाता खोल्न चाहिने न्यूनतम रकम** : परिवर्त्य विदेशी मुद्राका खाता खोल्न चाहिने न्यूनतम रकम नेपाल राष्ट्र बैङ्कले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

⊟१२ **ब्याज दर** : परिवर्त्य विदेशी मुद्राको निक्षेपमा दिइने ब्याजको दर र ब्याज दिने तरिका नेपाल राष्ट्र बैङ्कले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

⊟१३. **लगानी सम्बन्धी व्यवस्था** : वाणिज्य बैङ्कहरुले परिवर्त्य विदेशी मुद्रा निक्षेपबाट प्राप्त रकमहरुको छुट्टै हिसाब राखी परिवर्त्य विदेशी मुद्रा आर्जन हुने क्षेत्रमा लगानी गर्नु पर्नेछ।

➔ .......................

⊟१४. **भुक्तानी सम्बन्धी व्यवस्था** : (१) परिवर्त्य विदेशी मुद्रा निक्षेपको साँवा र ब्याज भुक्तानी गर्न नेपाल राष्ट्र बैङ्क वा नेपाल सरकारबाट विदेशी मुद्रा वाणिज्य बैङ्कहरुलाई उपलब्ध हुनेछैन ।

(२) परिवर्त्य विदेशी मुद्रा निक्षेपको साँवा र ब्याज वाणिज्य बैङ्कहरुले ▸ आफ्नै खाताबाट नै भुक्तानी गर्नु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

▸ तेस्रो संशोधनद्वारा संशोधित ।

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

⊟ पहिलो संशोधनद्वारा थप ।

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

□१५. **<u>गोपनीयता</u>** : परिवर्त्य विदेशी मुद्रा निक्षेपको बही र हर–हिसाबको विवरण खातावाला व्यक्ति र नेपाल राष्ट्र बैङ्कले आदेश दिएको व्यक्तिलाई बाहेक अरु कसैलाई देखाइने छैन ।

□१६. ►**<u>खातामा रकम जम्मा गर्ने तरिका</u>** : परिवर्त्य विदेशी मुद्राको खाता खोल्न इच्छुक व्यक्तिले खाता खोल्नको लागि चाहिने न्यूनतम रकम र त्यस्तो खातामा जम्मा गर्नु पर्ने रकम बैङ्किङ क्षेत्रबाट प्राप्त भुक्तानी (रेमिट्यान्स) वा ड्राफ्ट वा यात्रु चेक वा नगदद्वारा जम्मा गर्न सक्नेछ।

तर त्यस्तो खाता खोल्दा वा त्यसरी खोलिएको खातामा पछि नगद जम्मा गर्ने तरिका, सो सम्बन्धमा पालना गर्नु पर्ने शर्तहरु राष्ट्र बैङ्कले तोके बमोजिम हुनेछ ।

□१७. ✖.........

■१८. **<u>खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था</u>** : परिवर्त्य विदेशी मुद्राको खाता सञ्चालनको सम्बन्धमा यी नियमहरुमा लेखिए देखि बाहेक अन्य व्यवस्थाहरु नेपाल राष्ट्र बैङ्कले तोकिदिए बमोजिम हुनेछ ।

■१९. **<u>सुविधाहरु प्रदान गर्न सकिने</u>** : परिवर्त्य विदेशी मुद्रामा खाता खोल्दा र उक्त खातामा जम्मा भएको रकम उपयोग गर्ने सम्बन्धमा प्रदान गरिने सुविधाहरु ☝<u>बैङ्कले</u> समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिन सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

□ पहिलो संशोधनद्वारा थप ।

✖ तेस्रो संशोधनद्वारा खारेज ।

■ तेस्रो संशोधनद्वारा थप ।

☝ चौंथो संशोधनद्धारा संशोधित ।